आज मिति २०८२/०१/२५ गते बिहीबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको दसौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | दिकेश प्रजापती | |

**आमन्त्रीत उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | युगबहादुर खड्का | |



CamScanner

मिति २०८२ बैशाख २५ गते बसेको गाउँ कार्यपालिकाको दसौं बैठक

## गाउँ कार्यपालिकाको दसौं बैठकको कार्यसूचि

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा ।

३. शाखा कार्यालय विस्तारको लागी पत्राचार गर्ने सम्बन्धमा ।

४. शिर्षक रकमान्तर सम्बन्धमा ।

५. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा गाउँपालिकाले गत आ.व २०८०/८१ मा कार्यहरुको पोर्टलमा प्रविष्टि भई प्रारम्भिक नतिजा आइसकेको र गुणस्तर परिक्षणको चरणमा रहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले LISA, FRA र LED को एकिकरण तथा परिमार्जनको लागि सुझाव संकलन गरिरहेको र आगामी बर्षबाट सोही बमोजिम कार्य गर्न कार्यालायलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा सुनकोशी गाउँपालिका वडा नं. २ मा छिमेकी लिसंखुपाखर गाउँपालिकाका वडा नं ३ लगायत काभ्रे जिल्ला भुम्लु गाउँपालिका वडा २, ३ समेत लाभान्वित हुने हुँदा योजना तथा सामाजिक सुरक्षा भत्ता तथा विद्यालय कर्माचारी तलव भत्ता समेत सो बैंकबाट कारोबार गर्न सजिलो हुने हुँदा सुनकोशी गाउँपालिका बडा नं २ लक्ष्मी सनराइज बैङ्कको शाखा कार्यालय विस्तारको लागि अनुरोध गर्दै लक्ष्मी सनराइज बैङ्कको केन्द्रिय कार्यालय काठमाडौं नेपालमा पत्राचार गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँ सभाको अधिवेशनबाट यस आर्थिक बर्ष २०८१/०८२ को लागि विनियोजित बजेटबाट केही शीर्षकमा विनियोजन भए भन्दा बढी खर्च भइसकेको र केही शीर्षकमा खर्च हुन नसकेको अवस्थाका कारण कार्यालयको दैनिक कार्य सम्पादनमा समेत असर पुग्न सक्ने देखिएकोले देहाय बमोजिम खर्च हुन नसकेका शीर्षकबाट घटाई देहाय बमोजिम खर्च नपुग हुने शीर्षकमा रकम थप गरी बजेट कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो साथै गाउँपालिका स्तरिय गौरबको योजना कार्यक्रमहरु र वडा पालिका स्तरिय समपुरक योजना कार्यक्रमहरुमा रहेका योजनाहरुको ठेक्का आह्वान भई बचत (Below) भएको रकम र प्रशासनिक

मिति २०८२ बैशाख २५ गते बसेको गाउँ कार्यपालिकाको दसौं बैठक

चालु खर्चमा बचत हुन गएका विभिन्न शिर्षकबाट आन्तरिक स्रोत अनुमान अनुसार संकलन हुन नसकेको र सो स्रोतबाट भुक्तानी हुन नसक्ने अवस्था रहेकोले आन्तरिक स्रोतबाट कार्यान्वयन भएका र भुक्तानी बाँकी रहेका योजना तथा कार्यक्रममा भुक्तानी गर्ने निर्णय गरियो ।

देहाय

| सं. | विनियोजन बढी खर्च कम भएका | | | विनियोजन घटी खर्च बढी भएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | शीर्षक | घटाउनु पर्ने रकम | घटाए पश्चात कायम हुने रकम | शीर्षक | थप गर्नु पर्ने रकम | थप पश्चात कायम हुने रकम | |
| | सबे वडाहरुमा साउन्ड सिस्टम खरिद तथा जडान | ८,००,०००।- | ० | १ नं वडा खानेपानी मर्मत | ६,००,०००।- | ६,००,०००।- | |
| | योञ्जन ट्रस निर्माण कार्य (साविक ७) | १,००,०००।- | ० | टिमुरेखोला सडक मर्मत | २,००,०००।- | २,००,०००।- | |
| | | | | डोजर मर्मत | १,००,०००।- | १७,००,०००।- | |
| | क्यौरैनी पुछार उखुबारी खानेपानी मर्मत | १,००,०००।- | ० | सुकुटे उखुवारी पुरानकोट सडक मर्मत | १,००,०००।- | १,००,०००।- | |
| | डाँडावारी सिंचाइ पोखरी निर्माण | १,००,०००।- | ० | सुकुटे महेन्द्रकान्ती मिलडाँडा सडक मर्मत | १,००,०००।- | १,००,०००।- | |
| | लक्षित बर्ग कार्यक्रम | २,००,०००।- | ० | आत्मकल्याण ज्येष्ठ नागरिक संघ घडेरी सम्याउने कार्य | १,००,०००।- | १,००,०००।- | |
| | | | | महिला सञ्जाल कार्यक्रम | १,००,०००।- | १,००,०००।- | |
| | वडा कार्यालय अधुरो निर्माण (वल्क विच्छाउने) २ नं वडा | ४,००,०००।- | १६,००,०००।- | आन्तरिक स्रोतमा परि भुक्तानी हुन नसकेका योजनाहरुको भुक्तानी | २०,५०,०००।- | २०,५०,०००।- | |
| | स्वास्थ्य कार्यालय सडक स्तरउन्नती, सुनकोशी २ | ३,००,०००।- | ४७,००,०००।- | | | | |
| | सियाले यमुनाडाँडा सुनखानी सडक स्तरउन्नती, सुनकोशी ४ | ३,००,०००।- | ४७,००,०००।- | | | | |
| | मर्मत खर्च | ८,००,०००।- | २२,००,०००।- | | | | |



CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक सुनुवाई<br>सरसफाई<br>STEM EDUCATION | १,००,०००।-<br>१,००,०००।-<br>५०,०००।- | १,००,०००।-<br>१९,००,०००।-<br>० | | | | |
| ५. | पोषाक खर्च<br>अन्य कार्यक्रम | ३,००,०००।-<br>२,००,०००।- | ४,००,०००।-<br>० | क्याम्पसमा अध्ययनरत विद्यार्थी छात्रवृत्ति | ५,००,०००।- | ५,००,०००। | |
| | ठूलोखोरिया सिंचाई पोखरी निर्माण | १,००,०००।- | ० | सडक सरसफाई तथा नाला व्यवस्थापन | १,००,०००।- | १,००,०००।- | |
| | इन्धन अन्य प्रयोजन<br>ईन्धन (कार्यालय प्रयोजन) | १,००,०००।-<br>२,००,०००।- | १,००,०००।-<br>२८०००००।- | कार्यालय संचालन खर्च | ३,००,०००।- | १५५००००।- | |
| | बोलपत्र सूचना प्रकाशन खर्च | २,००,०००।- | ८,००,०००।- | आयूर्वेद औषधी खरिद | २,००,०००।- | २,००,०००।- | |
| | पारिश्रमिक कर्मचारी | ५०,०००।- | २,३८,७४,६५०।- | महंगी भत्ता | ५०,०००।- | ५,००,०००।- | |

५. प्रस्ताव नं ५ विविध प्रस्ताव माथि छलफल गर्दा,

क) वडा नं २ मा रहेको ठोकर्पा स्वास्थ्य चौकी निर्माण सम्पन्न भइसकेको र उद्घाटनको लागि बजेट प्रवन्ध गर्ने सम्बन्धमा विभिन्न स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सिविर सञ्चालन शिर्षकबाट रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस गाउँपालिकामा कार्यरत प्राविधिक सहायक श्री महेश प्रसाद बडुले प्रयोग गर्दै आएको मोटरसाइकल र असिष्टेन्ट सब इन्जिनियर श्री भवेस कार्कीले प्रयोग गर्दै आएको स्कुटर मर्मत गर्नुपर्ने भएको हुँदा रु १० हजारका दरले मर्मत संभार शिर्षकबाट खर्च हुने गरी मर्मत आदेश दिने निर्णय गरियो ।

ग) सुनकोशी गाउँपालिका वडा नं १ निवासी श्री शिव प्रसाद न्यौपानेले ठोकर्पा गाउँ चिनारी प्रकाशनार्थ आर्थिक सहयोग माग गर्नुभएकोले आर्थिक सहयोग शिर्षकबाट रु. ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

दिकेश प्रजापती
प्रमुख प्रशासकीय अधिकृत



घ) वडा नं ५ सुनखानीको चालु आ.व. मा कार्यान्वयनमा रहेको च्याङ्गरेसी प्रतिमा निर्माणको लागी लागत अनुमान भन्दा फरक काम गर्नुपर्ने अवस्था सिर्जना भएकोले प्रतिमा निर्माण सम्पन्न गर्नको लागि प्राविधिक लागत अनुमान तयार गरी कोटेसनको माध्ययमबाट थप कार्य गर्ने निर्णय गरियो साथै सो कार्य गर्दा सिर्जित दायित्व भुक्तानीको लागि आगामी आर्थिक बर्षमा प्राथमिकतासाथ बजेट विनियोजन गरी सम्झौता बमोजिम भुक्तानी दिन बाँकी रहेको रकम उपलब्ध गराउने निर्णय गरियो ।

टपिन्द्र प्रसाद सिमल्सिना
गा.पा. अध्यक्ष

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाकुगेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३